श्री

उच्च अदालत पाटन

संयुक्त इजलास

इजलास नं.7

माननीय न्यायाधीश श्री चन्द्रमणि ज्ञवाली

माननीय न्यायाधीश श्री कविप्रसाद न्यौपाने

निर्णय नं.297

**र.नं. 07-081-02974**

**निवेदन नं. 081-WO-0865**

विषय:- **परमादेश।**

धनुषा जिल्ला नगराईन नगरपालिका वडा नं.2 मा घर भई हाल ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं.1 मा बस्ने स्व.मकसुदन चौधरीको नाती डा. नेवल चौधरीको छोरा त्रि.वि. कानून संकाय, नेपाल लक्याम्पसमा, स्नातक तह **(B.A.LL.B)** को पाँचौ सेमेस्टरमा अध्ययनरत कानूनको विद्यार्थी विवेक चौधरी..............................1 निवेदक

**विरूद्ध**

नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौं, नेपाल................................1

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय, काठमाडौं, नेपाल........................1 विपक्षी

नेपालको संविधानको धारा ४६ र १४४ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम यस अदालतको क्षेत्राधिकार अन्तर्गत दायर हुन आएको प्रस्तुत रिटको संक्षिप्त तथ्य एवं यस अदालतको आदेश र तपसिल यसप्रकार छ :-

**तथ्य खण्ड**

१. रिट निवेदनको व्यहोरा:-

म निवेदक नेपाल ल क्याम्पस, पाँचौं सेमेस्टर (5th Semester) मा अध्ययनरत कानूनको विद्यार्थी हुँ। मैले समृद्ध समाजको कल्पना बोक्दै कानुनी राज्यको स्थापना र सार्वभौमसत्ता एवं राजकीय सत्ता सम्पन्न आमनागरिकको हक अधिकारको कार्यान्वयन साथै सबै व्यक्तिको आवाज राज्यसम्म लानका लागि खटिदै कानूनको विद्यार्थी समेत भएकोले न्यायको अनुसन्धानमा समेत संलग्न कर्तब्य परायण नेपाली नागरिक हुँ। यस विषयसँग मेरो अर्थपूर्ण सम्बन्ध र तात्विक सरोकार रहेको कारण, वैकल्पिक उपचार नहुँदा मलाई हकदैय (Locus Standi) प्राप्त छ।सो बमोजिम सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६४ र दफा १६० मा जे जस्तो व्यवस्था भएको र दफा १३१ मा प्रहरी वा यातायात निरीक्षकललाई जाँचबुझ गर्ने अधिकार छ, तर सवारी चालकको सबारीको चाबी खोस्ने अधिकारको प्रावधान छैन। बिना उचित कानूनी आधार मनमानी रूपमा सबारी चालकको चाबी खोस्ने, जबरजस्ती निकाल्ने जस्तो कार्य गरिनुले गरिमा (Dignity) र अनावश्यक राज्य हस्तक्षेपले स्वतन्त्र जीवन (Freedom Life) बाँच्ने अधिकारमा हानि पुऱ्याउने अवस्थाको सृजना गर्छ। अर्थात् यो कार्य स्वतः रूपमा नेपालको संविधानको धारा १६ को विपरीत हुन्छ, जसले सम्मानपूर्वक बाँच्न पाउने हकको हनन हुने अवस्थाको सृजना गर्छ। यस्तो कार्यले नेपालको संविधानको धारा १७ मा प्रत्याभूत गरिएको स्वतन्त्रताको हकको समेत उल्लंघन हुन जान्छ।तसर्थ कानूनी राज्यमा कानूनभन्दा माथि कुनै पनि व्यक्ति वा निकाय रहन सक्दैन र कानूनको पालना गर्नु पर्ने भनि निर्धारण गरेका प्रवाधानहरुलाई सबैले पालना गर्नु नै पर्छ। उल्लिखित तथ्य, कानून, र न्यायका मान्य सिद्धान्तहरूको आधारमा, नेपालको संविधान र प्रचलित कानून अन्तर्गत ट्राफिक प्रहरीले बिना कानूनी आधार गैर कानुनी रुपमा सबारी चालकको चाबी खोस्ने जस्तो गैरकानुनी कार्य गदै आएको र भविष्यमा समेत त्यस्तो कार्य गर्ने प्रवल सम्भावना रहेको हुदा, प्रहरीले प्राप्त गरेको कानून बमोजिमको अधिकार भन्दा बढी अधिकार प्रयोग गरेको र आफ्नो अधिकार क्षेत्र नाघी हुदै नभएको अधिकार प्रयोग गरेको हुँदा कुनै पनि सबारी चालकको सवारीको चाबी ट्राफिक प्रहरी वा प्रहरी वा प्रहरी कर्मचारीले खोसे, अनाधिकृत रुपमा गाडी नियन्त्रणमा राख्खे वा जबरजस्ती रुपमा निकाल्ने गर्ने कार्य नगर्नु र नगराउनु भनि विपक्षीहरुको नाउँमा परमादेशको आदेश जारी गरि पाउँ भन्ने समेत व्यहोराको रिट निवेदक विवेक चौधरीको तर्फबाट रिट निवेदन।

**२. यस अदालतबाट मिति 2081/07/25 मा भएको आदेश:-**

यसमा के कसो भएको हो निवेदकको निवेदन माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? निवेदन माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण र प्रमाण भए सबूद प्रमाणसहित सम्पूर्ण बेहोरा खुलाई म्याद सूचना पाएका मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र उच्च सरकारी वकील कार्यालय पाटन मार्फत लिखित जवाफ पेश गर्नुहोला भनी यो आदेश र निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरुका नाममा म्याद सूचना जारी गरी म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नु।यसमा निवेदकले माग गरेको अन्तरिम आदेशको सम्बन्धमा निवेदन दावीको विषय वस्तुको प्रकृतिलाई हेर्दा दुबै पक्षको छलफल सुनी निष्कर्षमा पुग्न उपयुक्त हुने देखिंदा सो प्रयोजनको लागि मिति २०८१।८।३ गतेको पेशी तोकी सोको सूचना विपक्षीहरुलाई र उच्च सरकारी वकील कार्यालय, पाटनलाई समेत दिई नियमानुसार पेश गर्नु भन्ने व्यहोराको मिति 2081/07/25 मा यस अदालतबाट भएको आदेश।

**३. काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयको तर्फबाट लिखित जवाफ:-**

विपक्षी रिट निवेदकलाई मिति २०८१/०६/०३ गते दरवारमार्ग स्थित प्रज्ञा प्रतिष्ठान भवन अगाडी, टुकचा खोला क्षेत्र त्यहाँको पुल भत्किएको अवस्थामा थियो, रातको लगभग ८ बजेको समयमा त्यहाबाट गईरहेको सवारी चालकहरुको गाडीको चावी प्रहरीले निकाल्ने कार्य गरेको थियो उनको कुरा भिडियोबाट पनि देख्न सकिन्छ भन्ने सम्बन्धमा सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को परिच्छेद १० को दफा-१६४ मा यातायात निरीक्षक वा प्रहरीले तत्काल सजाय गर्न सक्ने भन्ने व्यवस्था भए अनुसार कसुर गर्ने सवारी चालकहरुलाई ऐनमा रहेर नै कारबाही गर्दै आएको र उल्लेखित प्रज्ञा प्रतिष्ठान भवन अगाडी सोहि ऐनको उपदफा (१) (ट) सवारी चालकहरुलाई सवारी चलाउन निषेध गरिएको ठाउँ वा समयमा सवारी चलाएको कसूरमा रोकीकारवाही तथा सवारीआवागमनमा सहजिकरण गर्ने कार्य भएको चाबि खोस्ने जस्ता कार्य नभएको नगरेको हुँदा यस कार्यालयलाई विपक्षी बनाई दायर रिट निवेदनको औचित्य रहेको देखिदैन। तसर्थ रिट निवेदकले यस काठमाण्डौं उपत्यका ट्राफिक प्रहरी कार्यालय रामशाहपथ समेतलाई विपक्षी बनाई सम्मानित अदालतमा दायर गरिएको प्रस्तुत रिट निवेदन बदर भागी छ। खारेज गरी पाउँ भन्ने समेत व्यहोराको विपक्षी काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयको तर्फबाट लिखित जवाफ।

**४. यस अदालतबाट मिति 2081/08/10 मा भएको आदेश:-**

यसमा रिट निवेदकले उठाएको विषयवस्तुमा सम्बन्धमा प्रस्तुत रिट निवेदनको अन्तिम सुनुवाई हुँदाका बखत सम्बोधन हुने विषय भएकाले तत्काल अन्तरिम आदेश जारी गरिरहनुपर्ने अवस्थाको विद्यमानता देखिन आएन। नियमअनुसार गर्नु भन्ने व्यहोराको यस अदालतबाट मिति 2081/08/10 मा भएको आदेश।

**५.** प्रहरी प्रधान कार्यालय नक्सालको तर्फबाट लिखित जवाफ:-

कुनै पनि सवारी चालकको अनुमतिपत्र नियन्त्रणमा राखे वापत सम्बन्धित चालकलाई दिइने पुर्जीको आधारमा निजले सवारी चालक अनुमतिपत्र भए सरह कानुनमा तोकिएको अवधिसम्म निर्वाध रुपमा सवारी साधन चलाउन पाउने हुँदा रिट निवेदकले रिट निवेदनमा उल्लेख गरेको जस्तो निजको व्यक्तिगत स्वतन्त्रतामा प्रतिवन्ध लगाएको भन्न मिल्ने होईन । ट्राफिक प्रहरीले कानून बमोजिम जरिवाना गरी रिट निवेदकको सवारी चालक अनुमतिपत्र नियन्त्रणमा राख्दा के कसरी निजको मौलिक हक हनन् भयो भन्ने विषय समेत रिट निवेदनमा स्पष्ट गरिएको छैन। साथै विपक्षी निवेदकले यसै प्रकृतिको विषयमा सम्मानित सर्वोच्च अदालतमा दायर गरेको उत्प्रेषण/परमादेश (०८१-WO-०४५५) रिट निवेदन विचाराधिन रहेको अवस्थामा उक्त मुद्दाको टुङ्गो नलाग्दै पुनः सोही विषयमा सम्मानित अदालतमा रिट निवेदन दायर गरेको विषय प्रचलित कानून र न्यायको मान्य सिद्धान्त विपरित रहेको देखिंदा रिट निवेदन खारेज भागी छ, खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको विपक्षी प्रहरी प्रधान कार्यालय नक्सालको तर्फबाट लिखित जवाफ।

**आदेश खण्ड**

१. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत रिट निवेदनका अतिरिक्त लिखित जवाफ एवं मिसिल संलग्न कागजात अध्ययन गरी रिट निवेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरू डा. श्री नेवल चौधरी, श्री सुनु रिजाल, श्री रामप्रवेश यादवले ट्राफिक प्रहरीले बिना कानूनी आधार गैर कानुनी रुपमा सबारी चालकको चाबी खोस्ने जस्तो गैरकानुनी कार्य गदै आएको र भविष्यमा समेत त्यस्तो कार्य गर्ने प्रवल सम्भावना रहेको हुदा कुनै पनि सबारी चालकको सवारीको चाबी ट्राफिक प्रहरी वा प्रहरी कर्मचारीले खोस्ने, अनाधिकृत रुपमा गाडी नियन्त्रणमा राख्ने वा जबरजस्ती रुपमा निकाल्ने कार्य नगर्नु र नगराउनु भनि विपक्षीहरुको नाउँमा परमादेशको आदेश जारी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

२. विपक्षीको तर्फबाट उपस्थित विद्वान् सहायक न्यायाधिवक्ता श्री सुनिता भट्टराईले ट्राफिक प्रहरीले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १३१ र १३२ को अधिकार प्रयोग गरी कानूनले तोकेको कार्य गरेको हुँदा निवेदकको माग बमोजिम आदेश जारी हुनुपर्ने होइन भनी गर्नुभएको बहस समेत सुनियो।

**३. उपरोक्त तथ्य र विद्वान् अधिवक्ताहरूले गर्नुभएको बहस समेतलाई मध्यनजर गर्दै प्रस्तुत रिट निवेदनमा निवेदकको माग बमोजिमको परमादेशको आदेश जारी गर्नुपर्ने हो होइन? भन्ने विषयमा निरूपण गर्नु पर्ने देखियो।**

४. निर्णयतर्फ विचार गर्दा, नेपालको संविधान र प्रचलित कानून अन्तर्गत ट्राफिक प्रहरीले बिना कानूनी आधार गैर कानुनी रुपमा सबारी चालकको चाबी खोस्ने जस्तो गैरकानुनी कार्य गदै आएको र भविष्यमा समेत त्यस्तो कार्य गर्ने प्रवल सम्भावना रहेको हुदा, प्रहरीले प्राप्त गरेको कानून बमोजिमको अधिकार भन्दा बढी अधिकार प्रयोग गरेको र आफ्नो अधिकार क्षेत्र नाघी हुदै नभएको अधिकार प्रयोग गरेको हुँदा कुनै पनि सबारी चालकको सवारीको चाबी ट्राफिक प्रहरी वा प्रहरी वा प्रहरी कर्मचारीले खोस्ने, अनाधिकृत रुपमा गाडी नियन्त्रणमा राख्ने वा जबरजस्ती रुपमा निकाल्ने गर्ने कार्य नगर्नु र नगराउनु भनि विपक्षीहरुको नाउँमा परमादेशको आदेश जारी गरि पाउँ भन्ने व्यहोराको रिट निवेदकको निवेदन रहेकोमा सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को परिच्छेद १० को दफा-१६४ को परिधिमा रहेर नै कारबाही गर्दै आएको र प्रज्ञा प्रतिष्ठान भवन अगाडी सोहि ऐनको उपदफा (१) (ट) सवारी चालकहरुलाई सवारी चलाउन निषेध गरिएको ठाउँ वा समयमा सवारी चलाएको कसूरमा रोकी कारवाही तथा सवारी आवागमनमा सहजिकरण गर्ने कार्य भएको चाबि खोस्ने जस्ता कार्य नभएको नगरेको हुँदा निवेदकको रिट खारेज हुनुपर्दछ भन्ने व्याहोराको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयको लिखित जवाफ रहेको तथा ट्राफिक प्रहरीले कानून बमोजिम जरिवाना गरी रिट निवेदकको सवारी चालक अनुमतिपत्र नियन्त्रणमा राख्दा के कसरी निजको मौलिक हक हनन् भयो भन्ने विषय समेत रिट निवेदनमा स्पष्ट नगरेको हुँदा निवेदकको रिट निवेदन खारेज हुनुपर्दछ भन्ने व्यहोराको प्रहरी प्रधान कार्यालय नक्सालको लिखित जवाफ रहेको देखिन्छ।

५. प्रस्तुत रिट निवेदनमा, परमादेश विस्तृत उपचारको स्वभाव भएको उच्चस्तरीय विशेषाधिकार सम्पन्न आदेश हो र यो उत्चतम अदालतबाट कुनै व्यक्ति, निगम वा मातहत वा तल्लो अड्डा वा अदालत, अर्धन्यायिक निकाय (tribunal) को नाउँमा जारी गरिने आदेश हो। यस्तो आदेश जारी गर्नुको उद्देश्य न्यायको त्रुटिलाई सुधार्नु हो र यसैले जहाँ खास कानूनी अधिकार तोकिएको छ तर सो अधिकार लागू गर्न विशेष कानूनी उपचार छैन (no specific legal remedy for enforcing the right) भने त्यहाँ न्याय गर्न सकिन्छ कि भन्ने उद्देश्यका लागि सधै जारी हुन्छ।साथै अर्को कानूनी उपचारको बाटो छ, तर सो उपचारको बाटो कम सुविधाजनक, कम सानदायक, कम प्रभावशाली छ भनेपनि परमादेशको आदेश जारी हुन सक्छ। The order of Mandamus is of most extensive remedial in nature, and is, in form, a command issuing from High Court of Justice, directed to any person, corporation or inferior tribunal requiring him or them to do a particular thing therein specified which appertains to his or their office and is in the nature of public duty. Its purpose is to remedy the defects of justice, and accordingly it will issue to the end that justice may be done, in all cases where there is a specific legal right and no specific legal remedy for enforcing the right and it may issue in cases where although there in an alternative legal remedy yet the mode of redress is less convenient, beneficial and effectual.') यस परिभाषाबाट परमादेश के हो र किन आवश्यक छ भन्ने कुरा स्पष्ट पारिएको छ। व्यक्तिका संविधान र कानूनद्वारा प्रदत्त हक अधिकारहरू कार्यान्वयन गर्नुपर्ने राज्यका सबै निकाय र अधिकारीको दायित्व हुन्छ । कानूनी अधिकार प्राप्त अधिकारीले आफ्नो कानूनी कर्तव्य पूरा नगर्ने, बदनियत राखेर कार्य गर्ने, काममा ढिलासुस्ती गर्ने वा आनाकानी गर्ने वा इन्कार गर्ने गर्न मिल्दैन। यसवाट कानूनी शासनको हरण हुन जान्छ। सबैधानिक कानूनी निकायका अधिकारीले संविधान का कानूनद्वारा तोकिएको आफ्नो कर्तव्य पूरा नगरेमा वा बदनियत राखेर काम गरेमा वा ढीलासुस्ती गरेमा वा आनाकानी गरेमा वा पूरा गर्न इन्कार गरेमा त्यस्तो कर्तव्य पालना गराउन अदालतबाट जारी गरिने आदेश परमादेश हो। व्यक्तिका संविधान र कानून प्रदत्त हक अधिकारहरु प्रचलन गराउन लागि यो आदेश जारी गरिन्छ। राज्यमा रहने अपारशक्तिको अगाडि व्यक्ति जहिलेपनि निरीह र कमजोर रहने भएकोले अदालतले राज्यको निकायले गरेको शक्तिको दुरुपयोग रोकी व्यक्तिका हक अधिकारहरु संरक्षण गर्नका लागि यो विशेषाधिकार सम्पन्न रिट जारी गर्ने अधिकार प्राप्त गरेको हुन्छ। यो अधिकारको प्रयोगबाट अदालतले कानूनी शासन कायम राख्ने, संविधानको संरक्षण गर्ने र व्यक्तिका हक अधिकारहरुको प्रचलन गराउने काम गर्दछ।कुनै व्यक्तिले आफ्नो हक अधिकारको उल्लंघन भयो वा कुण्ठित भयो भनेर अदालतमा आउँदा सफा हात लिएर अदालत आउनुका साथै सो कुरा पुष्टि हुने प्रमाणहरु पेश गर्नु पर्दछ भने जुन व्यक्ति वा निकाय वा पदाधिकारी विरुद्ध आरोप लागेको छ निजले पनि सो आरोप खण्डन हुने प्रमाण पेश गर्न सक्नु पर्दछ। आरोप पुष्टि भएमा परमादेश जारी हुन्छ नत्र खारेज हुन्छ।

६. विपक्षीहरुबाट पेश हुन आएको लिखित जवाफ समेतबाट निवेदकले निवेदनमा उल्लेख गरेको गाडीको चाबी खोस्ने कार्य भएको नभई सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को परिच्छेद १० को दफा-१६४ मा यातायात निरीक्षक वा प्रहरीले तत्काल सजाय गर्न सक्ने भन्ने व्यवस्था भए अनुसार कसुर गर्ने सवारी चालकहरुलाई ऐनको अधिनमा रहेर नै कारबाही गर्दै आएको र उल्लेखित प्रज्ञा प्रतिष्ठान भवन अगाडी सोहि ऐनको उपदफा (१) (ट) सवारी चालकहरुलाई सवारी चलाउन निषेध गरिएको ठाउँ वा समयमा सवारी चलाएको कसूरमा रोकी कारवाही तथा सवारी आवागमनमा सहजिकरण गर्ने कार्य गरेको भन्ने देखिन्छ। सवारी तथा यातायात ऐन, २०४९ बमोजिम प्रहरी वा यातायात निरिक्षकले जाचँबुझको सिलसिलामा चालक अनुमतिपत्र खोज्ने, सवारी दर्ता प्रमाणपत्र वा सार्वजानिक सवारीको बाटो ईजाजतपत्र हेर्ने, सवारी चलाउन नमिल्ने ठाउँमा सवारी चलाउँदा सवारी रोकी जाचबुझ गर्ने कार्यहरुलाई कानून विपरीत भनी अन्यथा व्याख्या गर्न मिल्ने स्थिति देखिदैंन।

७. निवेदन व्यहोरामा उल्लेख गरे जस्तो ट्राफिक प्रहरीले सवारी चालकहरूको सबारीको गाडीको चाबी अनाधिकृत रूपमा जबरजस्ती खोस्ने, खोस्ने प्रयास गर्ने तथा गाडी नियन्त्रनमा राख्ने भन्ने व्यहोरालाई निज निवेदकले ईजलास समक्ष पेश गरेको भिडियो, अडियो सिडी आदीबाट समेत पुष्टी भएको देखिदैन। निवेदकले पेश गरेको भिडियो सिडीवाट ट्राफिक प्रहरीले चाबी खोसेको भन्ने देखिदैन केवल सवारी साधन रोकी सवारी चालकसँग चाबी खोस्न पाउने नपाउने विषयमा वादविवाद सम्म भएको भन्ने प्रमाणवाट देखिन्छ। निवेदनमा उल्लेख गरे अनुसार मिति २०८१/०६/०३ गते प्रज्ञा प्रतिष्ठान भवन अगाडी, टुकुचे खोला क्षेत्र, त्याँहाको पुल भत्किएको अवस्था रहेको र सो स्थानमा ट्राफिकले चेकिङ गरेको अवस्था रहेको भन्ने कुरा निज निवेदकले स्वीकार गरेकोमा निवेदकले चाबी खोस्ने विषयमा वादविवाद भएको भन्ने पुष्टी भएको देखिन्छ तर निवेदनमा उल्लेख गरेजस्तो ट्राफिक प्रहरीले चाबी खोसेको भन्ने मिसिल संलग्न प्रमाण तथा भिडियो सिडी समेतवाट नदेखिँदा निवेदन माग बमोजिम परमादेशको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिन आएन।

८. साथै, सवारी तथा यातायात ऐन, २०४९ बमोजिम ट्राफिक प्रहरी वा यातायात निरिक्षकले जाचँबुझको सिलसिलामा चालक अनुमतिपत्र खोज्ने, सवारी दर्ता प्रमाणपत्र वा सार्वजानिक सवारीको बाटो ईजाजतपत्र हेर्ने, सवारी चलाउन नमिल्ने ठाउँमा सवारी चलाउँदा सवारी रोकी जाचबुझ गर्ने कार्यहरु गर्न पाउने कुरामा विवाद देखिदैन। तर ट्राफिक प्रहरी वा यातायात निरिक्षकले जाचँबुझको सिलसिलामा कानूनले तोके बाहेकको कार्य जस्तै सबारी चालकको चाबी खोस्ने, जबरजस्ती निकाल्ने जस्तो कार्य गरिनुले नागरिकको गरिमा (Dignity) र अनावश्यक राज्य हस्तक्षेपले स्वतन्त्र जीवन (Freedom Life) बाँच्ने अधिकारमा हानि पुऱ्याउने अवस्था सृजना हुने विषयमा सम्बन्धित पक्षको ध्यानाकर्षण हुन जरुरी देखिन्छ। रिट निवेदकले पेश गरेको भिडियो सिडीमा उक्त उल्लेखित घटनाको दिन सवारी चालक र ट्राफिक प्रहरी बीच भएको वादविवादमा सवारी चालकले ट्राफिक प्रहरीलाई तपाईले चाबी खोस्न पाउने? चाबी निकाल्न पाउने? भन्ने विषयको संवादमा उक्त सम्बन्धीत ट्राफिकको जवाफमा चाबी निकाल्न, खोस्न पाउने भन्ने जवाफ दिएको भन्ने उक्त भिडियो सिडीवाट देखिन र सुन्न आउँछ। कानूनमा चावी खोस्न पाउने भन्ने व्यवस्थाको अभावमा सार्वजानिक पदमा रही कर्तव्य निर्वाहन गर्न जाँदा कानूनले तोकेको विधी र मान्यताको पालना गर्नुपर्ने हुन्छ, त्यस्तो व्यवस्था नै नभएको अवस्थामा सर्वसाधारणलाई त्रासमा पार्ने किसिमको अभिव्यक्ति दिनु प्रहरी कर्मचारीको निमित सोभनिय हुँदैन।तसर्थ चाबी खोस्न पाउने भनी सम्बन्धित प्रहरी कर्मचारीको भनाई सम्म रहेको भन्ने मिसिलसंलग्न प्रमाणहरूवाट देखिन आउँदा कानूननमा त्यसरी चावी समेत खोस्न सक्ने कानूनी व्यवस्थाको अभाव रहेको परिप्रेक्ष्यमा विपक्षीहरूको नाममा निर्देशनात्मक आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिन आउँछ।

९. अतः माथि विवेचित आधार, कारण र प्रमाणहरुबाट चाबी खोसेको अवस्था नै नदेखिएको हुँदा माग वमोजिमको परमादेशको आदेश जारी गर्नुपरेन। निवेदन खारेज हुन्छ। यधपी चावी लिन पाउँछ भन्ने सम्बन्धीत ट्राफिक प्रहरीले भनेको देखिँदा कानूनले तोकेको कारवाही बाहेक त्यस्तो चावी खोस्ने समेतका कार्य नगर्नु नगराउनु भनी विपक्षीहरूका नाउँमा निर्देशनात्मक आदेश समेत जारी गरि दिएको छ। अरू तपसिल बमोजिम गर्नू।

**तपसिल खण्ड**

- माथि आदेश खण्डमा उल्लेख गरिए अनुसार विपक्षीहरूको नाममा निर्देशनात्मक आदेश जारी हुने ठहरेकोले यो आदेशको प्रतिलिपिसहितको जानकारी विपक्षीहरूलाई दिनू-------------------------------------------------------१
- आदेशको प्रतिलिपिसहितको जानकारी उच्च सरकारी वकिल कार्यालय पाटनमा पठाई दिनू------------------------------------------------------------------२
- सरोकारवालाले आदेशको नक्कल माग्न आएमा उच्च अदातल नियमावली,२०७३ को नियम १२० बमोजिम प्रतिलिपि दिनू-------------------------------------३
- प्रस्तुत आदेशको विद्युतीयप्रति अपलोड गरी पीठमा जनाई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू -----------------४

(कविप्रसाद न्यौपाने)
**न्यायाधीश**

उक्त रायमा सहमत छु।

(चन्द्रमणि ज्ञवाली)
**न्यायाधीश**

**फैसला तयार गर्न सहयोग गर्ने**

इजलास अधिकृतः घनश्याम कुमार महतो

टिपोट गर्ने: सृष्टिका रिजाल

इति सम्वत् २०81 साल माघ महिना 06 गते रोज 01 शुभम् ............................।

फैसला प्रमाणीकरण मितिः न्यायाधीश अदालतको छाप